# चौतारा साँगाचोकगढी नगरपालिकाको
# एक शिक्षक एक ल्यापटप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०
## स्वीकृत मिति : २०८०/१२/१९

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"चौतारा साँगाचोकगढी नगरपालिकाको एक शिक्षक ल्यापटप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०"** रहने छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भएको मितिबाट लागु हुनेछ ।

२. **परिभषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः-,

(क) **"अनुदान"** भन्नाले एक शिक्षक एक ल्यापटप कार्यक्रम कार्यान्वयनका लागि शिक्षकलाई उपलब्ध गराइने दफा ३ बमोजिमको साझेदारी अनुदान रकम सम्झनुपर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने एक शिक्षक एक ल्यापटप कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यविधि"** भन्नाले "चौतारा साँगाचोकगढी नगरपालिकाको एक शिक्षक एक ल्यापटप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" सम्झनु पर्छ ।

(घ) **"नगरपालिका"** भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका सम्झनु पर्छ ।

(ङ) **"शाखा"** भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(च) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

३. **अनुदान प्रदान गरिनेः**

(१) कार्यक्रम कार्यान्वयनका लागि प्राथमिकताका आधारमा शिक्षक छनोट गरिने छ ।

(२) छनौट भएका शिक्षकलाई प्रति शिक्षक रु. बीस हजार रुपैयाँ अनुदान रकम उपलब्ध गराइने छ ।

(३) अनुदान प्राप्त गर्ने शिक्षकले कम्तीमा साठी हजार पर्ने ल्यापटप खरिद गर्नु पर्नेछ । सो भन्दा कम मूल्यको ल्यापटप खरिद गरेमा खरिद मूल्यको एक तृतीयांश रकम मात्र अनुदानको रुपमा उपलब्ध गराइने छ ।

(४) छनोट भएका शिक्षकले साठी हजार भन्दा बढि मूल्यको ल्यापटप खरिद समेत सक्नेछन् । तर त्यसरी बढि मूल्यको ल्यापटप खरिद गरे पनि नगरपालिकाले दिने अनुदान रकम भने बीस हजार मात्र हुनेछ ।

४. **अनुदान दिने प्रक्रियाः** (१) कार्यक्रम कार्यान्वयनका लागि अनुदान दिँदा निम्नानुसारको प्रक्रिया अवलम्बन गरिने छः

(क) शाखाले शिक्षकहरुबाट निवेदन आव्हान गरी संकलन गर्ने,

(ख) संकलित निवेदन समेतका आधारमा विद्यालयगत कोटा निर्धारण गर्ने,

(ग) शाखाले शिक्षक छनोट गर्ने,

(घ) छनोट भएका शिक्षकले आफूलाई उपयुक्त लागेको ल्यापटप खरिद गर्ने,

(ङ) शिक्षकले खरिद गरेको ल्यापटपको बिल र विद्यालयको सिफारिससहित शिक्षकले शाखामा अनुदान रकम माग गर्ने,

(च) नगर कार्यपालिकाको कार्यालयले अनुदान रकम सम्बन्धित शिक्षकको खातामा निकाशा दिने,

(छ) कार्यक्रममा सहभागी भई अनुदान प्राप्त गरेका शिक्षकको विवरण शाखाले अद्यावधिक गरि राख्ने,

५. कार्यक्रमका लागि विद्यालयगत कोटा निर्धारण गरिने: (१) यस कार्यक्रमका लागि विद्यालयगत कोटा निर्धारण गर्दा निम्न कुराहरुलाई आधार मानिनेछ:

(क) विद्यालयको प्रकार र सञ्चालित कक्षा

(ख) शिक्षक संख्या र प्रकार

(ग) प्रविधि प्रयोगमा अग्रसरता

(घ) विद्यार्थी संख्या

**(२) उपदफा (१) बमोजिम विद्यालयगत कोटा निर्धारण गर्दा पहिलो चरणमा माध्यमिक विद्यालयलाई प्राथमिकतामा राखिने छ ।**

६. **शिक्षक छनोटका आधार:** (१) कार्यक्रम कार्यान्वयनका लागि निम्नानुसारका प्राथमिकता निर्धारण गरी शिक्षक छनोट गरिने छ:

(क) माध्यमिक स्थायी शिक्षक

(ख) निम्न माध्यमिक स्थायी शिक्षक

(ग) प्राथमिक स्थायी शिक्षक

(घ) राहत अनुदानका शिक्षक

(ङ) संघीय, प्रदेश र नगर अनुदानमा कार्यरत शिक्षक

(च) स्थायी दरबन्दीमा रही करार सेवामा कार्यरत शिक्षक

(छ) अन्य शिक्षक

(२) उपदफा (१) बमोजिम शिक्षक छनोट गर्दा विद्यालयबाट ल्यापटप लिएर चलाइरहेका शिक्षकलाई छनोट गरिने छैन । तर त्यसरी विद्यालयको ल्यापटप चलाइरहेका शिक्षकले सो ल्यापटप विद्यालयमा बुझाएमा निजलाई यस कार्यक्रममा छनोट हुन बाधा पर्ने छैन ।

**७. निवेदन दिनुपर्ने: (१)** कार्यक्रममा सहभागी हुन चाहने शिक्षकले देहायका कागजात सहित शाखामा निवेदन दिनु पर्नेछ:

(क) नियुक्ति पत्रको प्रतिलिपि,

(ख) नेपाली नागरिकताको प्रतिलिपि,

(ग) विद्यालयको सिफारिस पत्र

८. कार्यक्रमको निरन्तरता:

(१) नगरपालिकाले कार्यक्रमको प्रभावकारिता हेरी यसको निरन्तरता गर्नेछ ।

(२) कुनै पनि शिक्षकले एक पटक अनुदान प्राप्त गरिसकेपछि निजलाई पुनः अनुदान उपलब्ध गराइने छैन ।

(३) नगरपालिकाभित्रका सम्पूर्ण शिक्षकले यस कार्यक्रमबाट अनुदान प्राप्त गरिसकेपछि यो कार्यक्रम समाप्त हुनेछ ।

९. बाधा अड्काउ फुकाउने अधिकार: यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर शिक्षा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१०. कार्यविधिमा संशोधन: यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।